annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १५७, पृष्ठ ८ | काठमाडौं, आइतबार १८ असोज [illegible] शुक्लपक्ष अष्टमी नेपाल संवत् ११४६ | SUNDAY, OCTOBER 4, 2026 | मूल्य : रु. १०

सरकारका ६ महिना

बैंकमा थुप्रियो पैसा, लगानीमा छैन उत्साह

रास्वपा नेतृत्वमा दुईतिहाइको स्थिर सरकार गठन भएको ६ महिना पुग्यो। बैंक तथा वित्तीय संस्थामा पैसा थुप्रेको थुप्रै छ। ऋणको ब्याजदर पनि घटेको घट्यै छ। तैपनि न निजी क्षेत्रले बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर थप लगानी गर्ने आँट गरेको छ, न त मुलुकको अर्थतन्त्र नै चलायमान बन्न सकेको छ। आखिर किन त? उद्योगी-व्यवसायी भन्छन्- 'सरकारको ध्यान अर्थतन्त्र सुधार्नेतर्फभन्दा पनि उद्योगी-व्यवसायीलाई आतंकित पार्ने र लगानीको वातावरण धमिलो बनाउनेतर्फ मात्रै केन्द्रित भयो।' स्वदेशी तथा विदेशी लगानीको वातावरण बनाउन उद्योगी-व्यवसायीको मनोबल बढाउनुपर्ने र लगानीको सुनिश्चितता हुनुपर्ने उनीहरूको माग छ।

भवनाथ प्याकुरेल | *काठमाडौं*



समाचार पृष्ठ २

सरकारले पुँजीगत खर्च बढाउनुपर्छ

टिप्पणी

गुरुप्रसाद पौडेल
प्रवक्ता, राष्ट्र बैंक

अहिले देखिएको आर्थिक समस्या आजको आजै वा भर्खरै सिर्जना भएको होइन। यसलाई विगत ४/५ वर्षको पृष्ठभूमिबाट हेर्नुपर्छ। कोभिड महामारीका कारण सुरुमा समस्या आयो। कोभिडपछि राष्ट्र बैंकले केही उदार व्यवस्थाहरू गर्दा आयात अत्यधिक बढ्यो र विदेशी मुद्राको सञ्चितिमा दबाब पर्न गयो। त्यसपछि राष्ट्र बैंकले नियमनमा केही कडाइ गर्नुपर्‍यो, जसले गर्दा लगानी र आपूर्ति शृंखलामा असर पर्नुका साथै विभिन्न समस्याहरू सिर्जना भए।

यसका साथै अन्तर्राष्ट्रिय जगतमा देखिएको ट्रेड वार, अमेरिका र अन्य राष्ट्रहरूबीचको द्वन्द्व, होर्मुज जलमार्गलगायतका आपूर्ति शृंखलामा देखिएका समस्याहरूले अन्तर्राष्ट्रिय बजार र वित्तीय क्षेत्रमा प्रभाव पारे, जसको असर बैंकिङ क्षेत्रमा पनि पर्‍यो।

नेपालमा रेमिट्यान्सको आगमन उच्च रहेकाले तरलता त बढ्यो, तर सो अनुपातमा कर्जा प्रवाह हुन सकेन। कर्जा प्रवाह हुन नसक्नुको मुख्य कारण ओभरल एग्रिगेट डिमान्ड नबढ्नु हो। लाखौं युवाहरू वैदेशिक रोजगारीमा जाँदा देशभित्र माग बढ्न सकेन।

अर्कोतर्फ, व्यापारी तथा उद्योगपतिहरूले इमिडिएट फाइदा वा निकट भविष्यमा राम्रो हुने स्थिति नदेखेसम्म कर्जाको माग गर्दैनन्। वर्तमान अवस्था र निकट भविष्यप्रति पनि द्विविधा भएकाले व्यवसायीहरू 'वेट एन्ड सी' को अवस्थामा रहे।

घरजग्गाको मूल्य निकै माथि पुगेर विगत दुई वर्षदेखि स्थिर भएर बसेको छ। बैंक तथा वित्तीय संस्थाहरूको ६० देखि ६७ प्रतिशतभन्दा बढी कर्जा सम्पत्तिमा आधारित छ। पुरानो कर्जाको असुली कम हुँदा खराब कर्जा बढ्यो भने लिलाम गरिएका जग्गाहरू बिक्री नहुँदा गैरबैंकिङ सम्पत्ति पनि बढ्यो। यसले बैंकहरूको चक्र नै प्रभावित बनायो।

» बाँकी पृष्ठ ६

देउवाबिनै आजदेखि कांग्रेस महाधिवेशन

राधा खनाल | *काठमाडौं*

लामो राजनीतिक इतिहास बोकेको मुलुकको दोस्रो ठूलो दल नेपाली कांग्रेसको १५औं महाधिवेशन आइतबारदेखि काठमाडौंमा सुरु हुँदैछ। खुलामञ्चमा उद्घाटन हुने महाधिवेशनले पार्टीभित्र नेतृत्व हस्तान्तरण, पुस्तान्तरण र संगठनात्मक पुनर्संरचनालाई संस्थागत गर्नेछ। महाधिवेशनमा एकातिर युवा पुस्ताका नेताहरू केन्द्रीय कार्यसमितिमा प्रवेशका लागि धमाधम उम्मेदवारी घोषणा गरिरहेका छन् भने अर्कोतिर कांग्रेसका लामो समय निर्णायक शक्ति केन्द्र बनेका पूर्वसभापति शेरबहादुर देउवा महाधिवेशनको प्रक्रियाबाट बाहिर छन्। देउवाले छुट्टै महाधिवेशन गर्दै छन्। विशेष महाधिवेशनबाट निर्वाचित सभापति गगन थापा नेतृत्वमा महाधिवेशन हुँदैछ।

प्रवक्ता देवराज चालिसेका अनुसार कांग्रेसले यसपटकको महाधिवेशनलाई नेता छान्ने अधिवेशनका रूपमा मात्रै सीमित नगर्ने बताएको छ। 'नेता छनोटभन्दा नीति छनोटलाई प्राथमिकता दिएका छौं,' चालिसेले भने, 'पदाधिकारी चयन सकेसम्म सर्वसम्मत रूपमा गर्ने प्रयास भइरहेको छ।'

प्रवक्ता चालिसेले कांग्रेसको विधान र परम्पराअनुसार पार्टी सभापतिले नै महाधिवेशन उद्घाटन गर्ने प्रचलन रहेकाले पूर्वसभापति शेरबहादुर देउवालाई उद्घाटनका लागि आग्रह गरिएको उनले जानकारी दिए। देउवा उपस्थित हुन नसके वर्तमान सभापति गगन थापाले महाधिवेशन उद्घाटन गर्ने तयारी रहेको उनले बताए।

महाधिवेशनमा आगामी ५ वर्षका लागि पार्टीको राजनीतिक, आर्थिक, उत्पादन, रोजगारी तथा विदेश नीतिसम्बन्धी दृष्टिकोण समेटिएको कार्यपत्र सभापति थापाले प्रस्तुत गर्ने तयारी छ। बन्दसत्रमा नीति, कार्यक्रम र समसामयिक प्रतिवेदनमाथि छलफल हुने भनिएको छ। उम्मेदवारी मनोनयनअघि विधान संशोधन प्रस्तावमाथि महाधिवेशन हलमै छलफल गरी आवश्यक निर्णय गर्ने तयारी छ।

कांग्रेसले महाधिवेशनस्थल, मञ्च, आवास, भोजन, स्वास्थ्य, अतिथि सत्कार तथा सञ्चार व्यवस्थापनका लागि छुट्टाछुट्टै संयन्त्र परिचालन गरेको छ। सभापति थापाको संयोजकत्वमा केन्द्रीय व्यवस्थापन समिति बनाइएको छ। ७ हजारभन्दा बढी प्रतिनिधि सहभागी हुने महाधिवेशनको उद्घाटन र बन्दसत्र दुवै खुलामञ्चमै गर्ने तयारी गरिएको छ। प्रतिनिधि दर्ता असोज १७ बाट सुरु भएको हो भने असोज १९ र २० गते बन्दसत्र तथा असोज २१ र २२ गते निर्वाचन गर्ने कार्यतालिका छ।

दौडमा नयाँ पुस्ता

महाधिवेशनको सबैभन्दा देखिने परिवर्तन भने केन्द्रीय सदस्यमा युवा पुस्ताको बढ्दो दाबी हो। कांग्रेसका विभिन्न तहका कार्यसमिति तथा भ्रातृ संस्थामा जिम्मेवारी सम्हालिसकेका युवा नेताहरूले केन्द्रीय सदस्यका लागि उम्मेदवारी घोषणा गरिरहेका छन्।

» बाँकी पृष्ठ ६

फुट्दै, जुट्दै, फेरि फुट्दै कांग्रेस

पार्टीमा देखिएको दुई धार कांग्रेसको इतिहासमा पहिलो घटना होइन। कांग्रेस स्थापनाकै केही वर्षमा बीपी कोइराला र मातृकाप्रसाद कोइरालाबीचको शक्ति संघर्षले पार्टी विभाजनको रूप लिएको थियो। २००९ सालमा मातृकालाई कारबाही गरिएपछि २०१० सालमा वीरगन्ज सम्मेलनमार्फत छुट्टै पार्टी गठन भएको थियो।

२०४६ पछिको कांग्रेसमा गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला तीन शक्ति केन्द्रका रूपमा देखिए। २०४८ को निर्वाचनपछि फेरि विभाजित भए।

२०५९ मा गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवाबीचको विवाद पार्टी विभाजनसम्म पुग्यो। देउवाले नेपाली कांग्रेस प्रजातान्त्रिक गठन गरे र ५ वर्षपछि २०६४ मा दुई पार्टीबीच एकीकरण भयो।

१३औं महाधिवेशनमा देउवा, रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौलाबीच त्रिकोणात्मक प्रतिस्पर्धा भयो भने १४औंमा देउवा र शेखर कोइरालाबीच मुख्य प्रतिस्पर्धा देखियो। अहिले फेरि कांग्रेस दुई समानान्तर प्रक्रियाको अवस्थामा पुगेको छ।